# नेपाल राजपत्र

## भाग ३

श्री ५ को सरकारद्वारा प्रकाशित

खण्ड २५] काठमाडौं, जेठ १९ गते २०३२ साल [ संख्या ८

श्री ५ को सरकार

अर्थ मन्त्रालयको

सूचना

आर्थिक प्रशासनसम्बन्धी (तेस्रो संशोधन) नियमहरू, २०३१

आर्थिक प्रशासनसम्बन्धी नियमहरू, २०२६ (यसपछि "मूल नियमावली" भनिएको) लाई संशोधन गर्न वान्छनीय भएकोले,

प्रशासकीय (कार्यविधि) नियमित गर्ने ऐन, २०१३ को दफा २ ले दिएको अधिकार [प्रयो]ग गरी श्री ५ को सरकारले देहायका नियमहरू बनाएको छ ।

१. संक्षिप्त नाम र प्रारम्भः– (१) यी नियमहरूको नाम "आर्थिक प्रशासनसम्बन्धी (तेस्रो संशोधन) नियमहरू, २०३१" रहेको छ ।

(२) यी नियमहरू तुरुन्त प्रारम्भ हुनेछन् ।

२. मूल नियमावलीको नियम ६ मा संशोधनः– मूल नियमावलीको नियम ६ को उप–नियम (२) मा देहायको प्रतिबन्धात्मक वाक्यांश थपिएको छ ।

"तर विल भरपाई आउन नसक्ने काममा खर्च भएको रकमको हकमा खर्च गर्ने कर्मचारीले प्रमाणित गरी अधिकार प्राप्त अधिकारीद्वारा समर्थन गराई स्रेस्ता राख्नु पर्नेछ ।"

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

३. मूल नियमावलीको नियम २२ मा संशोधनः– मूल नियमावलीको नियम २२ को सट्टा देहायको नियम २२ राखिएको छ ।

"२२. निर्माणसम्बन्धी काम गराउने व्यवस्थाः– (१) श्री ५ को सरकारको निर्माण-सम्बन्धी काम स्वीकृत लगत इष्टिमेट अनुसार बजेटको परिधिभित्र रही अमानत वा ठेक्काबाट गर्न गराउन सकिनेछ ।

(२) निर्माणसम्बन्धी काम ठेक्काबाट गराउनु पर्दा देहायबमोजिम गर्नुपर्छ ।

(क) स्वीकृत लगत इष्टिमेट अनुसार पाँच हजार रूपैयाँसम्मको काम दर भाउ पत्र नलिई वा घटाघट नगराई गर्न गराउन सकिनेछ ।

(ख) पाँच हजार रूपैयाँभन्दा बढी पच्चीस हजार रूपैयाँसम्मको कामको लागि कम्तीमा तीन विभिन्न दर भाउ पत्रहरू प्राप्त गरी वा घटाघट गरी गर्न गराउन सकिनेछ ।

(ग) पच्चीस हजार रूपैयाँभन्दा बढी जतिसुकै रकमको काम बोलपत्र माग गरी वा घटाघट गरी गर्न गराउन सकिनेछ ।

(३) उप–नियम (२) मा जुनसुकै कुरा लेखिएको भए तापनि श्री ५ को सरकारले आवश्यक देखेमा स्वीकृत लगत इष्टिमेट र बजेट अनुसारको कुनै निर्माणको काम वार्ताद्वारा ठेक्कामा दिन सकिनेछ । वार्ताद्वारा ठेक्का दिंदा साधारणतया पच्चीस हजार रूपैयाँभन्दा बढी लगत इष्टिमेटको निर्माण कार्य एकै व्यक्तिलाई दिइनेछैन यस्तो निर्माण कार्यको काम पच्चीस हजार रूपैयाँमा नबढ्ने गरी खण्ड खण्ड गरी वार्ताद्वारा ठेक्कामा दिन सकिनेछ ।

तर कुनै व्यक्तिलाई वार्ताद्वारा ठेक्कामा दिइएको एक खण्डको काम पूरा भएपछि सोही व्यक्तिलाई अर्को खण्डको कामको ठेक्का दिन बाधा पर्नेछैन ।

(४) उप–नियम (२) को खण्ड (ग) बमोजिम बोलपत्र माग गरिएकोमा बोलपत्र नपरी वा अन्य कुनै कारणबाट अमानतबाट निर्माण कार्य गर्नु परेमा त्यस्तो निर्माण कार्यको खण्ड खण्ड गरी लगत इष्टिमेटको अंकमा नबढाई ठेक्कामा दिन वा आवश्यक निर्माण सामाग्री-हरू उपलब्ध गराई निर्माण कार्यको सानो सानो खण्डलाई स्वीकृत दर रेटमा नबढाई ज्यालाको ठेक्कामा दिन सकिनेछ ।

४. मूल नियमावलीको नियम २४ मा संशोधनः– मूल नियमावलीको नियम २४ को उप–नियम (१) को खण्ड (घ) को सट्टा देहायको खण्ड (घ) राखिएको छ ।

(घ) बोलपत्र दाखिल गर्नु पर्ने म्यादः– बोलपत्रको सूचना प्रकाशित भएको मितिले एकलाख रूपैयाँसम्मको बोलपत्र भए पन्ध्र दिन, एक लाखभन्दा बढी पाँच लाख रूपैयाँसम्मको भए एक्काईस दिन र पाँच लाख रूपैयाँभन्दा जतिसुकै बढीको भए पनि आवश्यकता हेरी बढीमा तीन महीनासम्मको म्याद दिने ।"

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

९८०

५. <u>मूल नियमावलीको नियम २६ मा संशोधनः–</u> (१) मूल नियमावलीको नियम २६ को खण्ड (च) को सट्टा देहायको खण्ड (च) राखिएको छः–

"(च) एक मात्र बोलपत्र पर्न आएमा साधारणतः पुनः बोलपत्र माग गर्नु पर्नेछ। पुनः बोलपत्र माग गर्दा पनि एक मात्र बोलपत्र पर्न आएमा त्यसलाई स्वीकृत गर्न सकिनेछ।"

(२) मूलनियमावलीको नियम २६ को खण्ड (च) पछि देहायको खण्ड (छ) थपिएको छः–

"(छ) कुनै पनि कारणबाट पुनः बोलपत्र माग गर्नु पर्दा नियम २४ को उपनियम (१) को खण्ड (घ) अनुसारको म्याद दिनु अनिवार्य हुनेछैन। आवश्यकतानुसार घटी म्याद दिन सकिनेछ।"

आज्ञाले–
भरतबहादुर प्रधान
श्री ५ को सरकारको सचिव

मुद्रण विभाग, सिंहदरबार

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

मुद्रण विभाग, सिंहदरबार

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

962